# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ७) पाङ्डुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार ३० गते २०८१ (संख्या ३**


## भाग १

## अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्त सम्बन्धी ऐन, २०८१

**(गाउँ सभाबाट पारित)**

(सभाबाट स्वीकृत मिति : २०८१/०३/२५)

**प्रस्तावना :-** वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीको मनोवल उच्च बनाउन तथा कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन सेवा प्रति समर्पणभाव अभिबृद्धि गर्न अस्थायी, करार सेवा, सेवा करारमा कार्यरत कर्मचारीको सेवा सुविधा र सर्त सम्वन्धि कानून बनाउन वाञ्छनिय भएकोले नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम वैतेश्वर गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम " **अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीलाई दिइने सेवा, सुविधा र सर्त सम्बन्धी ऐन, २०८१**" रहेको छ ।

(२) यो ऐन गाउँसभाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

वैतेश्वर राजपत्र

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **" कार्यालय"** भन्नाले वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र र स्वास्थ्य संस्था समेतलाई जनाउनेछ ।

(ख) **"कर्मचारी"** भन्नाले विभिन्न पद, तह र स्तरमा कार्यालयमा कार्यरत अस्थायी, सेवा करार र करार सेवामा अभिछिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

( ग ) **" सुविधा "** भन्नाले कार्यालयमा कार्यरत कर्मचारी जुनसुकै कारणले सेवा निवृत हुँदा सुविधा वापत दिइने एकमुष्ट रकम सम्झनु पर्छ ।

(घ) **" प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्छ ।

(ङ) **"संचित विदा"** भन्नाले विरामी बिदा लाई समेत सम्झनु पर्दछ ।

## परिच्छेद २

## सेवा सुविधा सम्बन्धि व्यवस्था

**३. कर्मचारीको म्याद थप सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम सेवा करार वा करार सेवामा कार्यरत सबै तह, पद र स्तरका कर्मचारीहरुको प्रत्येक आर्थिक वर्षमा गाउँ कार्यपालिकाले म्याद थप गरिनेछ ।

(२) उपदफा (१) बमोजिम म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्वीकृत दरबन्दीमा कार्यरत रहेको हुनु पर्नेछ ।

**४. अभिलेख व्यवस्थापनः** यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र स्वीकृत दरबन्दीमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीको अभिलेख तयार गरी प्रशासकीय अधिकृतले प्रमाणित गराई राखु पर्नेछ ।

**५. मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीका सम्बन्धमा :**

(१) करारमा कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ । तर मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी समान तहको पदमा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन।

**६. विदा सम्बन्धि व्यवस्थाः** (१) यस ऐन बमोजिमको कर्मचारीले ऐन लागु भए पछि नेपाल सरकारको नियमानुसार तथा देहायका विदाहरु पाउनेछन्:

(क) विरामी विदाः वर्षको १२ दिन

(ख) भैपरी र पर्व विदाः वर्षको १२ दिन

(ग) प्रसुती विदाः ९८ दिन

(घ) प्रसुती स्याहार विदाः १५ दिन बढिमा २ पटक

(ङ) क्रिया विदाः १५ दिन

(२) उपदफा (१) मा उल्लेख भएको प्रसुती विदा र प्रसुती स्याहार विदाको नियमानुसारको रकम उपलब्ध गराईनेछ साथै कर्मचारीले विरामी विदा संचित गर्न सक्ने र सो बापतको रकम एकमुष्ठ उपलब्ध गराईने छ ।

**७. कोषको व्यवस्थाः** (१) यस ऐन वमोजिमका कर्मचारीलाई दिइने सुविधा प्रदान गर्न गाउँपालिकाले एक कोष स्थापना गर्नेछ साथै उक्त कोषमा सुविधाका लागि गाउँ सभाबाट आवश्यक रकम बिनियोजन गरि कोषमा जम्मा गर्नु पर्नेछ । उक्त कोषको आवश्यक कार्यविधि बनाई सञ्चालन गरिनेछ ।

(२) सेवामा कार्यरत कर्मचारी कार्यालयको कामको सिलसिलामा दुर्घटनामा परि मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारको नजिकको हकदारलाई मृतक कर्मचारीले खाईपाई आएको १० महिनाको तलब बराबरको थप रकम बिशेष अनुदानको रुपमा एकमुष्ट प्रदान गरिनेछ ।

**८. कार्य सम्पादन मुल्यांकन :** यस ऐन बमोजिम अस्थायी, सेवा करार वा करार सेवाका कर्मचारीहरुको प्रत्येक वर्ष 'करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनस्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ ।

**९. पद मुक्त हुने अवस्था :** यस ऐन वमोजिमको अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायको अवस्थामा मात्र पद मुक्त हुनेछन् ।

(क) प्रचलित कानुन बमोजिम लोक सेवा आयोगबाट दरबन्दिमा स्थायी पदपूर्ति भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) प्रचलित कानून वमोजिम विभागीय कारवाही भएमा,

(घ) कार्यपालिकाले म्याद थप नगरेमा,

(ङ) करार सेवामा कार्यरत कर्मचारीहरूको कार्य सम्पादनस्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड २०७८ अनुसार तोकिएको न्यूनतम अंक प्राप्त नगरेमा,

(च) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानुन बमोजिम विभागीय कारवाहीको प्रक्रिया अवलम्बन गर्ने विभागीय कारवाही र सजाय प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

**१०. कर्मचारीको दायित्व :** (१) यस ऐन वमोजिमका कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद, तह, योग्यता र अनुभव बमोजिम कार्यालयको जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन नमानेमा यस ऐन बमोजिमको अधिकारीले कर्मचारीलाई विभागीय कारवाही प्रक्रिया अवलम्बन गरी विभागीय कारवाही र सजाय गर्न सक्नेछ ।

**११. दण्ड सजाय :** यस ऐन वमोजिमका कर्मचारीलाई वागमती प्रदेश सरकारको **स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९** बमोजिम नै दण्ड सजाय हुनेछ ।

**१२. नियम बनाउन सक्ने:** यस ऐनको अधिनमा रही गाउँ कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

आज्ञाले
ऋषिराम ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत